दुल्लु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुल्लु, दैलेख
२०७३

दुल्लू नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ७ | संख्या : ३ | २०८० साल वैशाख ११ गते

## भाग : २

दुल्लू नगरपालिका, नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## दुल्लू नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावना:** दुल्लू नगरपालिका क्षेत्रमा फोहोरमैलाको उत्पादनमा भएको वृद्धिसँगै नगरपालिकाका नागरिकहरुमा फोहोरमैला व्यवस्थापन तथा सरसफाई सम्वन्धी सचेतना अभिवृद्धि गर्न, फोहोरमैला व्यवस्थापनमा नागरिक समाज तथा टोल विकास संस्थाको संलग्नता स्थापित गर्न, समुदायको चासो अभिबृद्धि गर्न, फोहोर संकलन देखि व्यवस्थापन सम्मका सवै कार्यहरु सम्वन्धी प्रयास जानकारी दिन, फोहोरको वर्गिकरण उपयुक्त र प्रभावकारी ढंगबाट गर्न, अस्पतालजन्य फोहोर र प्लाष्टिकजन्य फोहोरको व्यवस्थापनमा सरलता ल्याउन, फोहोरमैलालाई उचित प्रशोधन कार्य गरी पुनः प्रयोग गर्न सकिने र जटिल फोहोरको व्यवस्थापन गर्न, फोहोर व्यवस्थापनमा सामुदायिक, निजी, सहकारी तथा अन्तरसरकारी क्षेत्रसँग साझेदारी गर्नको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ को उपदफा (२) (ग) (११) बमोजिम वडा समितिलाई प्रदान गरिएको अधिकारलाई कार्यान्वयमा सहजता ल्याउन सोहि ऐनको दफा ११ को उपदफा ७ र दुल्लू नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी दुल्लू नगर कार्यपालिकाको मिति २०८०।०१।०६ गतेको बैठकबाट "दुल्लू नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८०" पारित गरी लागु गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "दुल्लू नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"उपप्रमुख"** भन्नाले दुल्लू नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ख) **"औद्योगिक फोहोरमैला"** भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्काशन हुने हानिकारक तथा प्रदुशषणयुक्त फोहोरमैला सम्झनु पर्छ ।

(ग) **"कन्टेनर"** भन्नाले फोहोरमैला सङ्कलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहोरमैला गुपार्ने भाँडो, वाकस, बाल्टीन वा यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्छ र सो शव्दले कम्पोष्ट मल उत्पादन गर्न राखिएको भाँडो समेतलाई जनाउनेछ ।

(घ) **"कार्यपालिका" भन्नाले** दुल्लू नगर कार्यपालिका सम्झनु पर्छ ।

(ङ) **"खानेपानी, सरसफाई तथा स्वच्छता शाखा"** भन्नाले दुल्लू नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता शाखा सम्झनु पर्छ ।

(च) **"ढुवानी"** भन्नाले सङ्कलित फोहोरमैला उत्पादन स्थलबाट सङ्कलन केन्द्र र सङ्कलन केन्द्रबाट फोहोरमैला व्यवस्थापन स्थल वा फोहोरमैला प्रशोधन स्थलसम्म लैजाने कार्य सम्झनु पर्छ ।

(छ) **"तोकिए वा तोकिए बमोजिम"** भन्नाले दुल्लू नगर कार्यपालिकाले बनाएका विभिन्न मापदण्ड तथा निर्देशिकामा उल्लेख गरिएका तथा कार्यपालिकाले विभिन्न समयमा निर्णय गरी तोकेका विषयहरु सम्झनु पर्छ ।

(ज) **"नगर प्रमुख"** भन्नाले दुल्लू नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(झ) **"न्यूनीकरण"** भन्नाले कुनै पनि प्रविधि वा उपायको प्रयोग गरी फोहोरमैलाको परिमाण, आकार वा प्रभावमा कम गर्ने कार्य सम्झनु पर्छ ।

(ञ) **"नगर प्रहरी" भन्नाले** दुल्लू नगरपालिकाको नगर प्रहरी (गठन तथा परिचालन) ऐन, २०७९ बमोजिम गठन भएको नगर प्रहरी सेवा सम्झनु पर्छ ।

(ट) **"नगरपालिका"** भन्नाले दुल्लू नगरपालिकालाई सम्झनु पर्छ ।

(ठ) **"निर्देशक समिति"** भन्नाले यस कार्यविधिको दफा २७ बमोजिम गठन गरिएको फोहोरमैला निर्देशक समिति सम्झनु पर्छ ।

(ड) **"प्रभावित क्षेत्र"** भन्नाले फोहोरमैला व्यवस्थापन स्थल तथा प्रशोधन स्थलको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित क्षेत्रलाई सम्झनु पर्छ ।

(ढ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले दुल्लू नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ण) **"प्रशोधन"** भन्नाले फोहोरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्यास, ऊर्जा वा अन्य वस्तु उत्पादन गरी फोहोरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(त) **"प्रशोधन केन्द्र"** भन्नाले फोहोरमैलालाई प्रशोधन गरी मल, ग्यास, ऊर्जा वा अन्य वस्तु उत्पादनका लागि कार्य सञ्चालन गर्ने स्थान सम्झनु पर्छ ।

(थ) **"पूर्वाधार विकास समिति"** भन्नाले दुल्लू नगर कार्यापालिका अन्तरगतको विषयगत समितिहरु मध्येंको पूर्वाधार विकास समिति सम्झनु पर्छ ।

(द) **"फोहोरमैला"** भन्नाले घरेलु फोहोरमैला, औद्योगिक फोहोरमैला, रासायानिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामाग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहोरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउनेछ ।

(ध) **"फोहोरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट)"** भन्नाले फोहोरमैला विसर्जन वा प्रशोधन वा प्रशोधन गर्नको लागि नगरपालिकाले यस कार्यविधिको दफा बमोजिम तोकेको स्थल सम्झनु पर्छ ।

(न) **"फोहोरमैला व्यवस्थापन समिति"** भन्नाले यस कार्यविधिको दफा २९ बमोजिम गठन गरिएको फोहोरमैला व्यवस्थापन समिति सम्झनु पर्छ ।

(पं) **"बन, वातावरण तथा विपद व्यवस्थापन समिति"** भन्नाले दुल्लू नगर कार्यपालिका अन्तरगतको विषयगत समितिहरु मध्येको बन, वातावरण तथा विपद व्यवस्थापन समिति सम्झनु पर्छ ।

(फ) **"बन्दपश्चात व्यवस्थापन (पेष्ट क्लोजर म्यानेजमेन्ट)"** भन्नाले फोहोरमैला व्यवस्थापन स्थलमा फोहोरमैला विसर्जन गर्न बन्द गरे पश्चात सो क्षेत्रको वातावरणीय सन्तुलन कायम राख्नको लागि गरिने कार्य सम्झनु पर्छ ।

(ब) **"रासायानिक फोहोरमैला"** भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै श्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीवजन्तु एवम् वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थ वा समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रशासन गरी रासायानिक फोहोरमैला भनी तोकेका ठोस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ ।

(भ) **"वडा अध्यक्ष/वडा सदस्यहरु/वडा सचिव"** भन्नाले दुल्लू नगरपालिका अन्तर्गतका वडाहरुका वडा अध्यक्ष, वडा सदस्यहरु तथा वडा सचिव सम्झनु पर्छ ।

(म) **वडा/वडा कार्यालय/वडा समिति** भन्नाले दुल्लू नगरपालिका अन्तरगतका वडाहरु/वडा कार्यालयहरु/वडा समितिहरु सम्झनु पर्छ ।

(य) **"वातावरण तथा विपद व्यवस्थापन शाखा"** भन्नाले दुल्लू नगरपालिकाको वातावरण तथा विपद व्यवस्थापन शाखा सम्झनु पर्छ ।

(र) **"विसर्जन"** भन्नाले फोहोरमैलाको अन्तिम निष्काशन तथा व्यवस्थापन सम्झनु पर्छ ।

(ल) **"शहरी पूर्वाधार विकास शाखा"** भन्नाले दुल्लू नगरपालिकाको शहरी पूर्वाधार विकास शाखा सम्झनु पर्छ ।

(व) **"शौचालय"** भन्नाले मानव मलमूत्र सुरक्षित रुपमा मानव सम्पर्कबाट अलग गर्ने सुविधा सहितको संरचनालाई सम्झनु पर्छ ।

(श) **"सङ्कलन केन्द्र"** भन्नाले घर घरबाट निस्कने फोहोरमैला सङ्कलन गरी निर्धारित समयसम्म फाल्न, राख्न वा थुपार्न नगरपालिकाले तोकेको स्थान सम्झनु पर्छ र सो शब्दले घरघरमा फोहोरमैला सङ्कलन गर्न आउने नगरपालिकाले तोकेको फोहोरमैला सङ्कलक वा फोहोरमैला सङ्कलन गर्ने साधन समेतलाई जनाउनेछ ।

(ष) **"सामुदायिक संस्था"** भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितका निम्ति प्रचलित कानून बमोजिम स्थापित समुदायमा आधारित सहभागितामूलक उपभोक्ता समूह, सहकारी संस्था वा गैरसरकारी संस्था सम्झनु पर्छ ।

(स) **"स्वास्थ्य संस्थाजन्य फोहोरमैला"** भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैङ्क, प्याथोलोजिकल प्रयोगशाला, पशुस्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहोरमैला सम्झनु पर्छ ।

(ह) **"हानिकारक फोहोरमैला"** भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि पुर्‍याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ ।

।

## परिच्छेद-२

## फोहोरमैला व्यवस्थापन तथा प्रशोधन

३. नगरपालिकाले फोहोर व्यवस्थापन गर्ने: (१) यस कार्यविधि बमोजिम नगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्ने गराउने दायित्व नगरपालिकाको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहोरमैला, स्वास्थ्यसंस्थाजन्य फोहोरमैला, रासायनिक फोहोरमैला वा औद्योगिक फोहोरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहोरमैला, स्वास्थ्यसंस्थाजन्य फोहोरमैला, रासायनिक फोहोरमैला तथा औद्योगिक फोहोरमैला प्रशोधन गरी बाँकी रहेको फोहोरमैला तथा अन्य फोहोरमैलाको व्यवस्थापन गरिदिन नगरपालिकालाई अनुरोध गरेमा वा नगरपालिकाले निर्माण गरेको फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा नगरपालिकाले निर्धारण गरे बमोजिमको सेवा

शुल्क लिई फोहोरमैलाको व्यवस्थापन गरिदिन वा फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

(४) नगरपालिकाले फोहोरमैला दीर्घकालीन योजना सहित व्यवस्थापन गर्नु पर्नेछ ।

(३) उपदफा (४) बमोजिमको कार्यका लागि नगरपालिकाले सीमाना जोडिएका एक वा सोभन्दा बढी स्थानीय तहसंग साझेदारी गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम हुने साझेदारी लागत वा समन्वय वा दुबै हुन सक्नेछ ।

४. **फोहोरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) तथा प्रशोधन केन्द्र :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र सङ्कलन भएको फोहोरमैलालाई उचित व्यवस्थापन तथा स्थायी रुपमा विसर्जन गर्नको लागि वातावरण सम्बन्धी प्रचलित कानूनको अधीनमा रही फोहोरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) तोक्नेछ ।

(२) नगरपालिकाले फोहोरलाई प्रशोधन गरी पुन: उपयोग गर्नको लागि वातावरण सम्बन्धी प्रचलित कानूनको अधीनमा रही फोहोरमैला प्रशोधन केन्द्रको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) तथा उपदफा (२) बमोजिमक प्रशोधन केन्द्रको स्थापनाको लागि नगरपालिकाको जग्गा नभएमा वा जग्गा भए तापनि फोहोरमैला व्यवस्थापन स्थल तोक्न र प्रशोधन केन्द्र स्थापना गर्न उपयुक्त नभएमा उपयुक्त जग्गा भाडामा लिई वा खरिद गरी फोहोरमैला व्यवस्थापन स्थल तोक्न र प्रशोधन केन्द्र स्थापना गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम जग्गा खरिद गर्नुपर्ने भएमा नगरपालिकाले जग्गा प्राप्ति ऐन, २०३४ बमोजिमको प्रक्रिया पुरा गर्नु पर्नेछ । यसरी जग्गा प्राप्ति गर्दा लाग्ने लागत नगरपालिकाले एक्लै वा उपदफा (५) बमोजिमका साझेदार स्थानीय तहले सम्झौतामा उल्लेख भएको प्रतिसत बमोजिम साझेदारी गर्न सक्नेछन् ।

(५) नगरपालिका र अरु स्थानीय तहलाई एउटै फोहोरमैला व्यवस्थापन स्थल तथा प्रशोधन केन्द्र उपयुक्त हुने भएमा त्यस्ता स्थानीय तह बीच समन्वय गरी त्यस्तो स्थललाई सम्बन्धित स्थानीय तहहरुको लिखित सहमति र शर्तमा दुई वा दुई भन्दा बढी स्थानीय तहले फोहोरमैला व्यवस्थापन स्थल तोक्न र प्रशोधन केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(६) नगरपालिकाले फोहोरमैला व्यवस्थापन स्थल सञ्चालन तथा बन्द पश्चात् व्यवस्थापन सम्बन्धी कार्य तोकिए बमोजिमको वातावरणीय मापदण्ड अनुरुप गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम बन्द पश्चात् व्यवस्थापन सम्बन्धी कार्य गर्दा फोहोरमैला व्यवस्थापन स्थल प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सिफारिस गरिएका सुझावहरु अनुरुप गर्नु पर्नेछ ।

(८) नगरपालिकाले फोहोरमैला व्यवस्थापन स्थल तथा प्रशोधन केन्द्रको क्षेत्रलाई आवश्यक परेमा वातावरणीय रुपले सम्वेदनशील क्षेत्र घोषणा गर्न सक्नेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि फोहोरमैला व्यवस्थापन स्थल तथा प्रशोधन केन्द्र स्थापना लागि सहजै जग्गा प्राप्ति हुन नसकेको खण्डमा नगरपालिकाले नगरपालिका क्षेत्र भित्रको खाली जग्गा, सार्वजनिक जग्गा, गौचरण तथा वनको क्षेत्रभित्र पर्ने खाली (रुखहरु नभएको) स्थानमा सार्वजनिक सूचना गरी फोहोरमैला व्यवस्थान स्थल तोक्दा तथा प्रशोधन केन्द्र स्थापना गर्दा कुनैपनि किसिमको प्रतिकूल वातावरणीय प्रभाव पर्ने नदेखिएमा कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गरी सोहि स्थानमा फोहोरमैला व्यवस्थापन स्थल तोक्न तथा प्रशोधन केन्द्र स्थापना गर्न सक्नेछ ।

५. **वातावरणीय अध्ययन गर्नुपर्ने :** यस कार्यविधि बमोजिम फोहोर मैला व्यवस्थान तथा प्रशोधन स्थल सञ्चालन गर्नु अघि नगरपालिकाले प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ ।

## परिच्छेद-३

## फोहोरमैला व्यवस्थापन विधि र प्रकृया

६. **सचेतना जगाउनुपर्ने:** नगरपालिकाले स्थानीय बासिन्दामा फोहोरमैला व्यवस्थापन सम्बन्धी शिक्षाको प्रसार गर्ने तथा सचेतना जगाउनु पर्नेछ।

७. **फोहोरमैला यथाशक्य कम गर्नु पर्ने:** (१) कुनै व्यक्ति, फर्म वा कम्पनिले कुनै कार्य गर्दा उत्पन्न हुने फोहोरमैला यथाशक्य कम गर्नु पर्नेछ ।

(२) आफ्नो क्षेत्र भित्र विसर्जन हुन सक्ने फोहोरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहोरमैला मात्र निष्काशन गरी फोहोरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

स्पष्टीकरणः "आफ्नो क्षेत्र" भन्नाले निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ ।

८. **फोहोरमैलाको पृथकीकरण:** (१) फोहोरमैला व्यवस्थापन समितिले फोहोरमैलालाई कम्तीमा जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले तोकिदिए अनुसार फोहोरमैलालाई स्रोतमै छुट्याई सङ्कलन केन्द्र वा ढुवानी साधन सम्म पुऱ्याउने दायित्व त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि नगरपालिका तथा वडा समितिसँग भएको प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन समन्वय गरेमा लाग्ने शुल्क लिई सहयोग गर्न सक्नेछ ।

९. **फोहोरमैलाको निष्काशन:** (१) फोहोरमैला निष्काशनको समय, स्थान र तरिका फोहोरमैला व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) हानिकारक फोहोरमैला उत्पादन गर्ने व्यक्ति, फर्म वा कम्पनिले त्यस्तो फोहोरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(३) हानिकारक फोहोरमैला पुनःप्रयोगमा आउने फोहोरमैलामा मिसाउन पाइने छैन ।

(४) भौतिक संरचना निर्माण तथा मर्मत सम्भार गर्दा निष्कने फोहोरको व्यवस्थापन गर्ने दायित्व सम्वन्धित उत्सर्जन कर्ताको हुनेछ ।

(५) नयाँ बन्ने घरको भान्सा र वाथरुमको पानी संभव भए सम्म घर कम्पाउडभित्र सोक्ता बनाई व्यवस्थापन गर्न घरधनीलाई प्रेरित गरिनेछ भने घर कम्पाउण्डभित्र व्यवस्थापन गर्न सम्भव नभएको भनि टोल विकास संस्थाले सिफारिस गरेमा पानी छानेर मात्र सतह ढल एवम् नालीमा पठाउनु पर्नेछ ।

(६) सडक एवम् फूटपाथमा निर्माण सामाग्री राख्दा तोकिए बमोजिमको शुल्क अग्रीम बुझाई तोकिए बमोजिमको समय सम्म सम्वन्धित वडा कार्यालयको अनुमति लिई राख्न सकिनेछ ।

१०. <u>पशुपन्छी र घरपालुवा चौपायाको व्यवस्थापनः</u> (१) गाई, भैंसी, खसी बाखा र ब्रोइलर कुखुरा फाराम जस्ता समुदायलाई असर पर्न सक्ने व्यवसाय संचालन गर्दा वडा समितिको अनुमति लिनु पर्नेछ । (

२) वडाभित्र बेवारिशे रुपमा फेला परेका मृत पशुपन्छीलाई वडाको फोहोर ढुवानी साधनले फोहोरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) मा पुर्‍याई उचित ढंगवाट विर्सजनको व्यवस्था मिलाउनु पर्नेछ । तर पशु धनि पहिचान भएको अवस्थामा सम्वन्धित धनिले घर परिसरमा खाल्डो खनी व्यवस्थापन गर्नु पर्नेछ । स्वयम्ले व्यवस्थापन गर्न नसक्ने स्थिति भएमा वडा समितिले तोके वमोजिमको सेवा शुल्क लिई व्यवस्थापन गर्न सक्नेछ ।

(३) वडाभित्रका मासु व्यवसायीले निर्धारित बधशालामा मात्र चौपायाको बध गरी मासु बिक्री वितरण गर्नु पर्नेछ।

## परिच्छेद– ४

## मानव मलमूत्रीय फोहोर व्यवस्थापन र सामुदायिक सरसफाइ तथा स्वच्छता सम्बन्धी व्यवस्था

११. **मानव मलमूत्रीय फोहोर व्यवस्थापन गर्ने दायित्व :** यस ऐन बमोजिम मानव मलमूत्रीय फोहोर व्यवस्थापन गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

१२. **सरसफाइ योजना तर्जुमा गर्ने :** (१) नगरपालिकाले मानव मलमूत्रीय फोहोर व्यवस्थापन कार्य सुव्यवस्थित तवरले गर्नका लागि सरसफाइ योजना तर्जुमा गर्न सक्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम सरसफाइ योजना तर्जुमा गर्दा सहभागितामुलक रुपमा तयार गर्नुपर्नेछ

(३) नगरपालिकाले उपदफा (१) बमोजिम तर्जुमा गर्ने सरसफाइ योजनामा समावेश गर्नु पर्ने बिषयवस्तु तोकिए बमोजिम हुनेछ ।

१३. **दिसाजन्य लेदो खाली, सङ्कलन र ढुवानीको व्यवस्था गर्ने :** (१) कसैले पनि नगरपालिकाबाट अनुमति नलिइ पिट र सेप्टिक टयांकी जस्ता संकलन टयांकीबाट दिसाजन्य लेदो खाली गर्ने, सङ्कलन गर्ने वा ढुवानी सम्बन्धी व्यवसायिक वा व्यापारिक रुपमा सेवा प्रदान गर्न हुदैन ।

(२) नगरपालिकाले पिट र सेप्टिक ट्यांकी जस्ता संकलन ट्यांकीबाट दिसाजन्य लेदो खाली गर्न, सेप्टिक सङ्कलन वा ढुवानीसम्बन्धी सेवा व्यवसायिक वा व्यापारिक रुपमा प्रदान गर्न निजी क्षेत्रको सेवा प्रदायकलाई अनुमति प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको अनुमति प्रदान गर्ने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(४) अनुमति प्राप्त सेवा प्रदायकले सङ्कलित दिसाजन्य लेदोलाई नगरपालिकाद्वारा तोकिएको स्थानमा लगेर सुरक्षित रुपमा विसर्जन गर्नु पर्नेछ ।

(५) कसैले पनि अनधिकृत रुपमा पानीको स्रोत र बस्ति जस्ता क्षेत्रमा मानव मलमुत्रीय फोहोर विसर्जन गर्न हुदैन ।

(६) सेप्टिक ट्यांकी वा अन्य संकलन ट्यांकी सफाइ गर्दा सर्वसाधारण र सफाइकर्मीको स्वास्थ्य र सुरक्षालाई ध्यानमा राखी उत्कृष्ट अभ्यास अवलम्बन गर्नु पर्नेछ ।

(७) अनुमति प्राप्त सेवा प्रदायकले दिसाजन्य लेदोलाई सुरक्षित रुपमा व्यवस्थापन सुनिश्चित गर्नका लागि आधारभूत वा मानक संचालन कार्यविधि (Standard Operating Procedures-SOPs) अवलम्वन गर्नु पर्नेछ ।

(८) नगरपालिकाले पिट र सेप्टिक ट्यांकी जस्ता संकलन ट्यांकीबाट दिसाजन्य लेदो खाली गर्न, सङ्कलन वा ढुवानी गरेवापत सेवाग्राहिले तिर्नुपर्ने सेवा शुल्क निर्धारण गर्न सक्ने छ ।

(९) नगरपालिकाले उपदफा (८) बमोजिम निर्धारण गरेको सेवा शुल्क प्रत्येक सेवाग्राहिले अनुमति प्राप्त सेवा प्रदायकलाई बुझाउनु पर्नेछ ।

(१०) उपदफा (८) बमोजिम नगरपालिकाले निर्धारण गरेको सेवा शुल्क एकल महिला, अपाङ्गता भएका व्यक्ति, हलिया, दलित, तथा विपन्न घरधुरीलाई पूर्ण वा आंशिक छुट दिन सक्नेछ ।

१४. **दिसाजन्य लेदोको प्रसोधन केन्द्र स्थापना र सञ्चालन :** (१) नगरपालिकाले मानव मलमूत्रीय फोहोरको व्यवस्थापन गर्नका लागि दिसाजन्य लेदोको प्रशोधन केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम दिसाजन्य लेदोको प्रसोधन केन्द्र स्थापना र सञ्चालन गर्दा सोको लागि व्यवसायिक योजना समेत बनाई कार्यान्वियन गर्नु पर्नेछ ।

(३) प्रशोधन केन्द्रद्वारा निष्काशित फोहोर पानी सरकारद्वारा निर्धारित फोहोर पानी विसर्जन मापदण्ड भित्र पर्ने गरी प्रशोधन विधि र प्रविधि सुनिश्चित गर्नेछ ।

(४) नगरपालिकाले प्रशोधन केन्द्र संचालन र प्रशोधित वस्तुको पुनःप्रयोग एवम् बजारीकरणको लागि निजी तथा गैर सरकारी क्षेत्रसँग समन्वय, सहकार्य, साझेदारी गर्न सक्नेछ ।

(५) नगरपालिकाले उपदफा (१) बमोजिम दिसाजन्य लेदोको प्रशोधन केन्द्र स्थापना र सञ्चालन सम्बन्धि विषयबस्तु तोकिए बमोजिम हुनेछ ।

१५. **सामुदायिक सरसफाइ तथा स्वच्छता कायम गर्ने :** (१) नगरपालिकाले घरेलु स्तरमा निर्मित चर्पिहरुलाई क्रमश स्तरउन्नती गरी नेपाल सरकारको प्रावधान बमोजिम पुर्ण सरसफाइ उन्मुख घर तथा समुदायहरु सुनिश्चित गर्नेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्र भित्र पुर्ण सरसफाइका लागि नगर सरसफाइ तथा स्वच्छता कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नेछ ।

(३) नगरपालिकाले विद्यालयस्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता संरचना निर्माण गर्दा बालबालिका, अपाङ्गता भएका व्यक्ति र छात्रा मैत्री प्रावधानलाई अनिवार्य गर्नेछ ।

१६. **सरसफाइ तथा स्वच्छता कार्यक्रम सञ्चालन गर्ने :** (१) नगरपालिकाले उपभोक्ता संस्था र विभिन्न स्थानीय समुदायसँग सहकार्य तथा समन्वय गरी ग्रामीण तथा शहरी वस्तीलाई स्वच्छ, सफा र सुन्दर बनाई राख्न स्वास्थ्य, सरसफाइ तथा स्वच्छता सम्बन्धी विभिन्न कार्यक्रम तथा अभियान सञ्चालन गर्न वा गराउन सक्नेछ ।

(२) शौचालय निर्माण वा प्रयोग नगर्ने परिवार वा व्यक्तिका लागि नगरपालिकाले सामाजिक सुरक्षा सेवा र अन्य अनुदानमा अस्थायी रुपमा रोक लगाउन सक्नेछ ।

(३) नगरपालिकाको भवन निर्माण निर्दिशकामा उल्लेख भए बमोजिमको सेप्टिक टयांकको डिजाइन बमोजिमको वा पानी प्रतिरोधी (Water Seal), तथा न्यूनतम २ खण्डे र १.४ मिटर गहिरो सेप्टिक टयांक तथा सोकपिटको निर्माण गर्नका लागि नगरपालिकाले एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, तथा विपन्न घरधुरिका नगरवासीलाई आंशिक वा पुर्ण अनुदान प्रदान गर्न सक्नेछ ।

(४) नगरपालिकाले सेप्टिक टयांकी वा अन्य संकलन टयांकी सफाइ लगायत मानव मलमूत्रीय फोहोरको व्यवस्थापन सम्बन्धी कार्यमा सघाउ पुर्‍याउने सफाइकर्मीको फेहरिस्त वा सुची (रोष्टर) तयार गर्नेछ र सफाइकर्मीको फेहरिस्त वा सुची माग गर्ने नागरिकलाई प्रदान गर्नेछ ।

(५) उपदफा (५) बमोजिमको फेहरिस्त वा सुचीमा समावेश भएका सफाइकर्मीको स्वास्थ्य, सुरक्षा र आर्थिक प्रोत्साहनका लागि नगरपालिकाले विशेष व्यवस्था गर्न सक्नेछ ।

१७. **शौचालय निर्माण गर्न पर्नेः** (१) नगरपालिकाका सबै घर परिवार, संघ संस्था, व्यवसायीहरुले शौचालयको प्रयोगमा ल्याउनु पर्नेछ ।

(२) नगरपालिकाले नगरपालिकाका हाटबजार, मेला पर्व लाग्ने स्थान, टोल टोल र चौकहरु जस्तो सार्वजनिक स्थलमा आवश्यक्ता अनुसार सार्वजनिक शौचालय निर्माण गरी व्यवस्थापन गर्नेछ र नगरपालिकाले यस्ता सार्वजनिक स्थलमा शौचालय निर्माण तथा त्यसको संचालन कार्यविधि तयार गरी लागु गर्नेछ ।

(३) उपदफा (२) बमोजिम नगरपालिकाले सार्वजनिक शौचालय निर्माण गर्दा बालमैत्री तथा अपाङ्गमैत्री हुने गरी निर्माण गर्नु पर्नेछ ।

(४) नगरपालिकाका सबै विद्यालयहरुमा देहाय बमोजिम शौचालय सुबिधाको व्यवस्थापन गर्न पर्नेछ :

(क) ५० जना विद्यार्थी बरावर एक शौचालयको उपलब्धता

(ख) छात्र छात्राका लागि अलग शौचालय

(ग) शौचालयमा साबुन पानीको व्यवस्था

(घ) छात्राको शौचालयमा स्यानीटरी प्याड बिसर्जन टयांक जडान गरिएको ।

(५) खुला दिसामुक्त समुदायको दिगोपनाका लागि नगरपालिकाले थप नीतिगत व्यवस्था गरी कार्यन्वयनमा ल्याउन सक्नेछ ।

## परिच्छेद-५

## फोहोरमैला विसर्जन

१८. **फोहोरमैला सङ्कलन केन्द्र तोक्ने :** (१) नगरपालिकाले फोहोरमैलालाई व्यवस्थित रुपमा सङ्कलन गर्न प्रत्येक टोल वा वस्तीमा सङ्कलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नेछ ।

(३) उपदफा (१) बमोजिमको सङ्कलन केन्द्रमा फोहोरमैला निष्काशन र सङ्कलन गर्ने समय र तरिका नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ । तर नगरपालिकाले उपदफा (२) बमोजिम सङ्कलन केन्द्र नतोकुन्जेलसम्म फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले आफूले गरेको काम कारोवारबाट उत्पादन भएको फोहोरमैलालाई आफ्नै काम कारोवार क्षेत्रभित्र संकलन गरी राखेर नगरपालिकाको कर्मचारी तथा ट्रिप्पर फोहोरमैला संकलनको लागि आएको वेलामा जम्मा गरिएको फोहोरमैला सो ट्रिप्परमा राख्नमा सहयोग गर्नु हरेक नागरिकको कर्तव्य हुनेछ ।

१९. **पुनः प्रयोग र पुनर्उपयोग गर्नुपर्नेः** (१) नगरपालिकाको घरक्षेत्रमा बर्गीकरण गरिएको फोहोर सम्भव भएसम्म घरमै पुनः प्रयोगको लागि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) नगरपालिकाले फोहोरलाई प्रशोधन गरी पुनर्उपयोग गर्नको लागि फोहोरमैला प्रशोधन केन्द्रको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।यस्तो प्रशोधन केन्द्र नगरपालिकाले स्वयम वा छिमेकी स्थानीय तहसँगको समन्वयमा वा सामुदायिक वा निजी क्षेत्रका संघ/संस्थाहरुसँगको सहकार्यमा सञ्चालन गर्न सकिनेछ।

२०. **कम्पोष्टको रुपमा, प्रयोग गर्ने प्रविधिलाई प्रोत्साहन गरिनेः** कृषिजन्य फोहोरलाई सकेसम्म कम्पोष्टको रुपमा प्रयोग गर्ने प्रविधिलाई प्रोत्साहन गरिनेछ।

२१. **फोहोरमैलाको ढुवानी :** (१) सङ्कलन केन्द्रमा जम्मा भएको फोहोरमैलालाई स्थानान्तरण केन्द्र वा फोहोरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व नगरपालिका वा नगरपालिकाले व्यवस्था गरेको संस्था वा निकायको हुनेछ ।

(२) फोहोरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नु पर्नेछ । ढुवानीको साधन तोक्दा तौल, क्षमता, तरिका वा विधि, सडकको क्षमता तथा फोहोरमैला ढुवानी गर्दा वातावरणमा पर्न सक्ने प्रभाव समेतलाई विचार गरी तोक्नु पर्नेछ ।

(३) फोहोरमैला ढुवानीसम्बन्धी कार्यविधि कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

दुल्लु नगरपालिका, दैलेख २०७३

२२. **ढुवानी गर्दा ढाकछोपको ब्यवस्था गर्नुपर्ने:** फोहोर विसर्जनको अधिकार पाएको निकाय वा फर्मले नगर क्षेत्रबाट फोहोर मैला व्यवस्थापन स्थल वा ल्याण्डफिल साइटसम्म फोहोर ढुवानी गर्दा वातावरण दुषित नहुनेगरी ढाकछोपको ब्यवस्था गर्नुपर्ने छ।

२३. **अनुमति सम्बन्धी व्यवस्था :** (१) प्रचलित कानून बमोजिम नगरपालिकाको अनुमति नलिई कसैले पनि फोहोर मैला ब्यवसायिक रुपमा व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन हुदैन ।

(२) फोहोरमैला व्यवस्थापन गर्न चाहने सामुदायिक संघ संस्था वा नाफामुलक कम्पनी, वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि नगरपालिकामा निवेदन दिनु पर्नेछ :-

(क) फोहोरमैला व्यवस्थापन सम्बन्धी योजना,

(ख) फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक मानव संसाधन तथा प्रविधिको विवरण,

(ग) तोकिए बमोजिमको अन्य विवरण ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर नगरपालिकाले आवश्यक जाँचबुझ गरी अनुमतिपत्र दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नगरपालिकाले फोहोरमैलाको व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन अनुमतिपत्र दिदा सामुदायिक संघसंस्थालाई प्राथमिकता दिनु पर्नेछ ।

२४. **निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापनको काम गराउन सकिने :** (१) नगरपालिकाले आवश्यकता अनुसार दफा २३ बमोजिम अनुमतिप्राप्त सामुदायिक वा गैरसरकारी संस्थाद्धारा आफ्नो क्षेत्रको फोहोरमैला व्यवस्थापन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले सामुदायिक संघ, संस्था वा गैरसरकारी संघ, संस्था मार्फत फोहोरमैला व्यवस्थापन गराउँदा सामुदायिक संघ, संस्था वा गैरसरकारी संस्थाको आर्थिक तथा प्राविधिक क्षमताको आधारमा देहायका कुनै वा सबै काम गराउन सक्नेछ :-

(क) फोहोरमैला न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि,

(ख) फोहोर मैला सङ्कलन,

(ग) फोहोर मैला ढुवानी,

(घ) फोहोर मैलाको प्रयोग, पुनः प्रयोग, पुनः चक्रीय प्रयोग वा प्रशोधन,

(ङ) फोहोर मैला विसर्जन, र

(च) बन्द पश्चात् व्यवस्थापन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले जटिल प्रकृतिका फोहोरमैलाको प्रयोग, पुनः प्रयोग, पुनः चक्रीय प्रयोग वा प्रशोधन, फोहोरमैला विसर्जन, र बन्द पश्चात् व्यवस्थापन जस्ता काम नाफामुलक निजी क्षेत्रका कम्पनीबाट समेत गराउन सक्नेछ तथा सामुदायिक संस्था, गैरसरकारी संस्था र नाफामुलक निजी क्षेत्रका कम्पनीबाट फोहोरमैला व्यवस्थापन गराउँदा प्रचलित कानून बमोजिम बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिन सक्नेछ ।सो कार्यकालागि नगरपालिकाले आवश्यक निर्देशिका वा मापदण्ड बनाउनु पर्नेछ ।

२५. **सार्वजनिक निजी साझेदारीमा फोहोरमैला व्यवस्थापन गर्न सकिने :** (१) नगरपालिकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैरसरकारी संघ, संस्थासंगको साझेदारीमा फोहोरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहोरमैला न्यूनीकरणको लागि जनचेतना अभिवृद्धि, फोहोरमैला संकलन, ढुवानी, फोहोरमैला व्यवस्थापन स्थलको बन्द पश्चात् व्यवस्थापन, उद्यान निर्माण र सौन्दर्यीकरण जस्ता कार्य मात्र गर्न वा गराउन सकिनेछ ।

२६. **सहकारी संस्थासंग साझेदारी गर्न सक्नेः** नगरपालिकाले फोहोरमैला संकलन, ढुवानी, विसर्जन लगायतका कार्यका लागि सहकारी संस्थासंग साझेदारी गर्न सक्नेछ।

## परिच्छेद-६

## संस्थागत व्यवस्था

२७. **फोहोरमैला व्यवस्थापन निर्देशक समितिः** (१) नगरको फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य सुचारु एवम् सुव्यवस्थित ढंगले संचालन गर्न आवश्यक निर्देशन एवं सहजीकरण गर्न नगरपालिकामा देहायनुसारको फोहोरमैला व्यवस्थापन निर्देशक समिति गठन गरिनेछः-

(क) नगर प्रमुख : अध्यक्ष
(ख) उप प्रमुख : उपाध्यक्ष
(ग) प्रमुख प्रशासकिय अधिकृत : सदस्य
(घ) बन, वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक : सदस्य
(ङ) पूर्वाधार विकास समिति संयोजक : सदस्य
(च) वातावरण क्षेत्रमा अनुभव प्राप्त वा सरसफाई अभियन्ता मध्ये नगर प्रमुखले तोकेको व्यक्ति : सदस्य
(छ) स्थानीय उद्योग वाणिज्य संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि : सदस्य
(छ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय : सदस्य
(ज) नगर क्षेत्रको नेपाल प्रहरी प्रमुख : सदस्य
(झ) नगर क्षेत्रको ट्राफिक प्रहरी प्रमुख : सदस्य
(ञ) शहरी पूर्वाधार विकास शाखा प्रमुख : सदस्य
(ट) वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख : सदस्य
(ठ) नगर प्रहरी प्रमुख : सदस्य
(ड) खानेपानी, सरसफाई तथा स्वच्छता शाखा प्रमुख : सदस्य सचिव

(२) निर्देशक समितिको बैठक आवश्यकता अनुसार वस्ने छ ।

(३) बैठक निर्देशक समितिको अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउने छ ।

(४) निर्देशक समितिको बैठक भत्ता प्रचलित कानून बमोजिम हुनेछ ।

(५) निर्देशक समितिको बैठकको कार्यविधि समिति आफैले तय गरेबमोजिम हुनेछ।

(६) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषय क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

२८. **फोहोरमैला व्यवस्थापन निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** फोहोरमैला व्यवस्थापन निर्देशक समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) फोहोरमैला व्यवस्थापनका लागि आवधिक तथा वार्षिक योजनाहरु तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र समीक्षा गर्ने,

(ख) वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापन ऐन र नियम तथा अन्य सम्बन्धित कानूनले दिएका अधिकार प्रयोग गरी आवश्यक कार्यविधि तर्जुमा गर्ने,

(ग) फोहोरमैला प्रशोधन केन्द्र संचालन तथा व्यवस्थापन सम्वन्धी आवश्यक नीति, निर्देशिका तथा मार्गदर्शनहरु तय गरी लागु गराउने,

(घ) भरिएको ल्याण्डफिल साइटलाई पार्क, उद्यान, गार्डेन आदिका रुपमा विकास गर्ने तथा बैकल्पिक ल्याण्डफिल साइटको खोजी तथा सम्भावनाको अध्ययन गर्ने,

(ङ) फोहोर व्यवस्थापनमा गैर सरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायको संलग्नता बढाउन आवश्यक नीति तय गर्ने,

(च) ल्याण्डफिल साइटको प्रभावित क्षेत्रका बासिन्दाको लागि विशेष कार्यक्रम संचालन गर्न श्रोतको व्यवस्थापन गर्ने,

(छ) ल्याण्डफिल साइटलाई न्यून प्रदुषित बनाउँदै त्यसका नकारात्मक प्रभावहरुलाई न्यूनिकरण गर्न आवश्यक व्यवस्था मिलाउने,

(ज) जैविक फोहोरबाट बायोग्यास उर्जा, कम्पोष्ट मल बनाउने तथा प्लाष्टिक, धातु आदिलाई पुन प्रयोग गर्न आवश्यक व्यवस्था गर्ने,

(झ) फोहोरमैला व्यवस्थापन तथा सरसफाईमा प्रचलित कानूनले तोकेको मापदण्ड पालना नगर्ने उपर आवश्यक कारबाहीका लागि निर्देशन गर्ने,

(ञ) फोहोरमैला व्यवस्थापन तथा सरसफाईमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयानुकुल पुनरावलोकन गर्न कार्यपालिका समक्ष प्रस्ताव गर्ने,

(ट) फोहोरमैला व्यवस्थापन सम्वन्धी काम गर्ने विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ, संस्थाहरूसँग समन्वय कायम गर्ने।

२९. **फोहोरमैला व्यवस्थापन समितिः** वडाको फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य सुचारु एवम् सुव्यवस्थित ढंगले संचालन गर्न वडास्तरमा देहायबमोजिमको एक फोहोरमैला व्यवस्थापन समिति गठन गरिनेछः-

(क) वडा अध्यक्ष : संयोजक

(ख) वडा सदस्यहरु (४ जना) : सदस्य

(ग) वडा भित्र रहेका टोल विकास संस्थाको अध्यक्षहरु मध्येवाट वडा समितिले तोकेको कम्तिमा १ जना महिला सहित ३ जना : सदस्य

(घ) वडा समितिले तोकेको समाजसेवी वा सरसफाई अभियन्ता मध्येवाट १ जना : सदस्य

(ङ) वडा समितिले तोकेको स्थानीय व्यापारी प्रतिनिधि १ जना : सदस्य

(च) वडाको सरसफाई कार्यमा संलग्न निजी क्षेत्रको प्रतिनिधि १ जना : सदस्य

(छ) खानेपानी, सरसफाई तथा स्वच्छता शाखा प्रमुखले तोकेको १ जना शाखाको कर्मचारी : सदस्य

(ज) वडा सचिव : सदस्य सचिव

(२) व्यवस्थापन समितिको बैठक महिनाको एक पटक संयोजकको आदेशले सदस्य सचिवले बोलाउने छ ।

(३) बैठकको कार्यविधि व्यवस्थापन समिति आफैले तय गर्न सक्नेछ।

(४) बैठकको निर्णय संयोजकले प्रमाणीत गरी वडा समितिमा राख्नुपर्नेछ।

(५) व्यवस्थापन समितिले आफ्नो काम कारबाहीको वार्षिक प्रतिवेदन निर्देशक समितिसमक्ष पेश गर्नु पर्नेछ ।

(६) व्यवस्थापन समितिको वैठक भत्ता प्रचलित कानून बमोजिम हुनेछ ।

(७) समितिको वैठकमा आवश्यकता अनुसार सम्वन्धित विषय क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

३०. **फोहोरमैला व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः** फोहोरमैला व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) वडालाई सफा र स्वच्छ राख्ने अभियान र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ख) वडालाई वातावरण मैत्री तथा सफा र स्वच्छ वनाउन आवश्यक बजेटको व्यवस्थापन गर्न पहल गर्ने,

(ग) फोहोरलाई श्रोतमै बर्गीकरण गर्ने व्यवस्था मिलाउन आबश्यक पहल गर्ने,

(घ) बर्गीकृत फोहोर मध्ये अर्गानिक फोहोरबाट कम्पोष्ट मल, प्लाष्टिकजन्य फोहोरबाट हस्तकलाका सामाग्री तथा अन्य प्रकृतिका फोहोरलाई Reduce, Reuse & Recycle को अवधारणा अनुसार व्यवस्थापन गर्ने,

(ङ) फोहोरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोत साधन र जनशक्तिको लागि निर्देशक समितिसमक्ष अनुरोध गर्ने,

(च) फोहोरमैला व्यवस्थापन तथा सरसफाईमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयोचित पुनरावलोकन गर्न निर्देशक समिति समक्ष सिफारिश गर्ने,

(छ) फोहोरमैला व्यवस्थापनमा प्रभावकारीता ल्याउन टोल विकास संस्थासँग सहकार्य गर्दे विशेष कार्यदल गठन तथा परिचालन गर्ने,

(ज) फोहोर संकलन सेवा प्रवाहमा सुधारका लागि आवश्यक कार्य गर्ने,

(झ) फोहोरबाट जनस्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनीकणका लागि उपायहरुको खोजी गरी आवश्यक श्रोत व्यवस्थापनका लागि पहल गर्ने,

(ञ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बाट प्रदत्त फोहोर मैला तथा वातावरणसँग सम्बन्धित अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्ने।

## परिच्छेद-७
## विविध

३१. **सेवा शुल्क उठाउने:** (१) नगरपालिका, वडा कार्यालय वा फोहोरमैला व्यवस्थापनको जिम्मा पाएको संस्था/फर्म/कम्पनिले फोहोरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्कको दर नगरसभाले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वडा समितिवाट तोकिए बमोजिमको विपन्न वर्गलाई सेवा शुल्कमा नगरसभाले तोके बमोजिम छूट दिन सक्नेछ।

(४) यस दफा बमोजिमको शुल्क नगरपालिका/वडा कार्यालयले मासिक/वार्षिक रुपमा संकलन गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहोर मैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी नगरपालिकाको संचित कोषमा जम्मा गर्नु पर्नेछ । सो रकम तोकिएको मापदण्डको अधिनमा रही नगरपालिकाले फोहोर मैला व्यवस्थापन, वातावरण संरक्षण तथा फोहोर मैला व्यवस्थापन/प्रशोधन केन्द्र स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नु पर्नेछ ।

३२. **ग्राहक कार्ड लागू गर्ने :** (१) नगरपालिकाले दफा ३१ बमोजिमको प्रयोजनार्थ प्रत्येक सेवाग्राही व्यक्ति, परिवार, घरधुरी, संस्था वा निकायका लागि अनिवार्य रुपमा ग्राहक कार्ड लागु गर्नु पर्नेछ ।

(२) यस कार्यविधि बमोजिम फोहोरमैला व्यवस्थापनको सेवा लिन ईच्छुक सेवाग्राही व्यक्ति, परिवार, घरधुरी, संस्था वा निकायले सम्वन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ । यसरी निवेदन दिएका सेवाग्राही व्यक्ति, परिवार, घरधुरी, संस्था वा निकायको प्रकृति सहित निजहरुले गरेको व्यवसाय समेतको विवरण खुल्नेगरी निजहरुले सेवा प्राप्त गरेवापत मासिक/वार्षिक रुपमा तिर्नुपर्ने सेवा शुल्क समेत खुल्नेगरी ग्राहक कार्ड उपलब्ध गराउनु पर्नेछ ।

३३. **सेवा निलम्बन वा अन्त्य गर्न सक्ने:** (१) दफा ३१ बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीहरुको फोहोरमैला व्यवस्थापन समितिको सिफारिसमा नगरपालिकाले फोहोरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निलम्बन परेको सेवाग्राहीको बाँकी सेवा शुल्क निज वा निजको एकाघरको परिवारका सदस्यको नाममा रहेको एकीकृत सम्पत्ती कर वा व्यवसाय कर तिर्दा असुल उपर गर्न सकिनेछ ।

(३) सेवाग्राहीले बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गर्न सकिनेछ ।

३४. **कसूरः** कसैले देहायको कुनै काम गरेमा फोहोरमैला व्यवस्थापन ऐन २०६८ र यस कार्यविधि बमोजिम कसूर गरेको मानिनेछ :-

नगरपालिका कार्यालय दल्लु, दैलेख २०७३

(क) फोहोरमैला व्यवस्थापन समितिले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला निष्काशन गरेमा,

(ख) कण्टेनर वा फोहोरमैला सङ्कलन केन्द्रमा राखिएको फोहोरमैला अनधिकृत तवरले प्रयोग गरेमा,

(ग) फोहोरमैला सङ्कलन केन्द्रमा राखिएको कण्टेनर तोडेफोड गर्ने, क्षति पुर्‍याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुर्‍याउने कार्य गरेमा,

(घ) फोहोरमैला व्यवस्थापन ऐन, २०६८ तथा यस कार्यविधि बमोजिम अनुमति नलिई फोहोरमैला व्यवस्थापनको कार्य गरेमा,

(ङ) फोहोरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लिखित शर्तहरु उल्लङ्घन गरेमा,

(च) फोहोरमैला सङ्कलन केन्द्र, कण्टेनर वा फोहोरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फ्याक्ने, राख्ने वा थुपार्ने कार्य गरेमा

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फ्याक्ने वा थुपार्ने तथा घर एवं संरचना निर्माण एवं मर्मत संभार गर्दाको सामाग्री अनुमति वेगर सडक एवं फुटपाथमा राखेमा,

(ज) फोहोरबाट निस्केको दूषित पानी (लिचेट), वा शौचालयको लेदोलाई सतह ढल वा अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने, अनुमति वेगर वर्कसप संचालन गर्ने तथा वर्कसपको फोहोरपानी जथाभावि नालामा मिसाउने कार्य गरेमा,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहोरमैला सङ्कलन गर्न नगरपालिका वा वडाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाई राखेको सवारी साधन हटाउन इन्कार गरेमा,

(ञ) नगरपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फ्याक्ने, थुपार्ने वा निष्काशन गर्ने कार्य गरेमा,

(ट) रासायनिक फोहोरमैला, औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने कार्य गरेमा,

(ठ) औद्यागिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहोरमैला जथाभावी फाल्ने, जलाउने, राख्ने वा निष्काशन गर्ने वा गराउने कार्य गरेमा,

(ड) फोहोरमैला सङ्कलन, ढुवानी तथा फोहोरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गरेमा,

(ढ) फोहोरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गरेमा,

(ण) फोहोरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिवन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गरेमा,

(त) फोहोरमैला व्यवस्थापन ऐन २०६८ दफा (४४) विपरीत रासायनिक विषादीको आयात गरेमा वा म्याद नाघेको, समयावधि सकिएको औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगरेमा,

(थ) स्रोत मै फोहोरमैलाको पृथकीकरण नगरी दफा (८) को विपरीत फोहोरमैला मिसाएर निष्कार्शन गरेमा,

(द) मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने कार्य गरेमा,

(ध) पैदल तथा सार्वजनिक यातायातका यात्रुले जथाभावी फोहोर फालेमा,

(न) चुरोट तथा सुर्तिजन्य (पान गुटका आदि) जस्ता वस्तुको फोहोर जथाभावी फालेमा,

(प) घर पालुवा पशु पन्छिलाई छाडा छाड्ने तथा अनुमति वेगर व्यवसायिक रुपमा पशुपन्छि पालन गर्ने तथा सडकमा बाँध्ने कार्य गरेमा,

**३५. सजाय :** (१) दफा ३४ को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई नगरपालिकाबाट खटाईएको अनुगमन टोली वा वडा कार्यालयले पहिलो पटक भए पाँच सय रुपैयाँसम्म जरिबाना, सोही कसूर पटक पटक दोहोराएमा पटकै पिच्छे दोव्वर जरिवाना गरी फोहोरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

(२) दफा ३४ को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्वन्धित वडाले पाँच सय रुपैयाँ देखि तीन हजार रुपैयाँ सम्म जरिबाना गर्न सक्नेछ ।

(३) दफा ३४ को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्वन्धित वडालें दुई हजार पाँच सय रुपैयाँ देखि पच्चिस हजार रुपैयाँसम्म जरिबाना गरी कण्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ ।

(४) दफा ३४ को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्वन्धित वडा कार्यालयले पाँच हजार रुपैयाँदेखि पच्चिस हजार रुपैयाँसम्म जरिबाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ भने शर्त उल्लङ्घन गरी वडा कार्यालयलाई पूर्व जानकारी नदिई फोहोर समयमा संङ्कलन नगरेको फोहोरमैला व्यवस्थापन समितिले ठहर गरेमा उल्लेखित जरिवानाका अलावा अतिरिक्त फोहोर व्यवस्थापन खर्च समेत सम्वन्धित पक्षवाट असूल गरिने छ ।

(५) दफा ३४ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्वन्धित वडाले दुई हजार पाँच सय रुपैयाँ देखि दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ ।

(६) दफा ३४ को खण्ड (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्वन्धित वडाले प्रथम पटक एक हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ सोही कसुर दोहोराएमा दोव्वर जरिवाना गरिनेछ ।

(७) दफा ३४ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(८) दफा ३४ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्वन्धित वडाले दुई हजार पाँचसय रुपैयाँ देखि पच्चिस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिबानाको दोब्बर जरिबाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(९) दफा ३४ को खण्ड (ड), (ढ) र (ण) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले फोहोरमैला व्यबस्थापन ऐन २०६८ बमोजिमको कारवाहीको लागि सम्वन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

(१०) दफा ३४ को खण्ड (थ), (ध) र (न) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा संम्वन्धित वडाले पत्येक पटक एक सय रुपैयाँ जरिबाना गर्न सक्नेछ तर सोही कसूर पुनः दोहोर्‍याएमा पत्येक पटक एक शय रुपैयाँ वृद्धि गरी जरिवाना गर्न सक्नेछ ।

(११) यस दफामा अन्यत्र जे सुकै लेखिएको भएता पनि दफा (३४) मा उल्लेखित कसुरहरु गर्नेलाई रु ५०००। सम्मको जरिवाना वडा समितिको कार्यालयले असूल गर्नेछ भने सो भन्दा माथिको जरिवानाका हकमा वडा समितिले जरिवाना प्रस्ताव गरी नगरपालिकामा सिफारिस गर्नेछ । नगरपालिकाले जाँचबुझ गरी नगर प्रमुख समक्ष पेश गर्नेछ र नगर प्रमुखको निर्णय वमोजिम जरिवाना गरिने छ ।

(१२) दफा ३४ को खण्ड (प) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्वन्धित वडाले छाडा छाडिएका पशुपन्छी प्रति ज्यान रु ५०० सम्म र फर्मको हकमा प्रथम पटकका लागि रु २५०० सम्म जरिवाना गरी ३५ दिन भित्र हटाउने आदेश दिनेछ । सो म्याद भित्र नहटाएमा ३ महिना सम्म मासिक ५००० का दरले जरिवाना, तत्पश्चात् पनि नहटाएमा नगरपालिकाले फर्म वन्द गराई पशुपन्छी जफत गर्ने छ । सडकमा बाँधिएका पशु चौपायाको हकमा प्रथम पटकका लागि प्रति ज्यान रु १००। दोश्रो पटक उक्त कार्य गरेमा ५००। तत्पश्चात् समेत अटेर गरेमा पटकै पिच्छे दोब्बर जरिवाना वडा कार्यालय वा नगरपालिकावाट खटाइएको निरीक्षण टोलीले गर्ने छ ।

**३६. सेवा सुविधा तथा ऋण कारोवार रोक्का गर्न सकिने :** (१) यस कार्यविधि बमोजिम तोकिएको दण्ड जरिवाना नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको नगरपालिकाले उपलब्ध गराउने सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घर जग्गा बिक्री वा कुनै बैंकबाट भैरहेको ऋण कारोवार रोक्का गर्नको लागि फोहोरमैला व्यवस्थापन समितिले नगरपालिकामा सिफारिश गरेमा नगरपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ । तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिईनेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

३७. **पुनरावेदन दिन सक्ने :** यस कार्यविधिको दफा ३५बमोजिम गरेको सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश भएको मितिले पैंतिस दिन भित्र जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

३८. **प्रतिबन्ध लगाउन सक्ने:** नगरपालिकाले स्वास्थ्यमा गम्भिर असर पार्ने हानीकारक पदार्थ रहेको वस्तु प्रयोग गर्न प्रतिबन्ध लगाउन सक्नेछ।

(३) नगरपालिकाले उपदफा (२) बमोजिमको कार्य गर्न स्थानीय बासीलाई आवश्यक वस्तुगत साहयता प्रदान गर्न सक्नेछ।

३९. **अभिलेख व्यवस्थापन सम्वन्धी व्यवस्था :** यस कार्यविधि बमोजिम गरिएका गतिविधिहरुको प्रगति लगायतको अभिलेख व्यवस्थापन गर्ने जिम्मेवारी खानेपानी, सरसफाई तथा स्वच्छता शाखाको हुनेछ । खानेपानी, सरसफाई तथा स्वच्छता शाखाले चौमासिक रुपमा प्रगति तयार गरी निर्देशक समिति मार्फत कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

४०. **वचाऊ:** यस नगरपालिका, विभिन्न विकास साझेदार तथा मातहतका निकायहरुबाट फोहोरमैला व्यवस्थापन सम्वन्धी यस अघि गरिएका कार्यहरु यसै कार्यविधि बमोजिम गरिएको मानिनेछ ।

४१. **संशोधन गर्न सक्ने :** यो कार्यविधि तथा यसका कुनै दफामा कुनै संशोधन गर्नु परेमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

४२. **वाधा अड्काउ फुकाउ अधिकार :** यस कार्यविधिको कार्यान्वयमा कुनै अन्यौलता उत्पन्न भएका वाधा अड्काउ फुकाउको अधिकार नगर कार्यपालिकामा रहनेछ ।

४३. **स्वतः खारेज हुने :** यो कार्यविधि तथा यसका कुनै दफा नेपालको संविधान र प्रचलित कानूनसँग वाझिएमा वाझिएको हदसम्म स्वतः खारेज भएको मानिने छ ।

आज्ञाले
ज्ञानमणि नेपाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति : २०८०।०१।११